# गजल

पानी पनि पर्‍यो छाता छोडी आएछु
खै के फर्कि जाउं नाता तोडी आएछु

कति बज्यो था छैन कस्लाइ सोधुं
रिसले बहुलाई घडी फोडी आएछु

माया त अझै पनि लाग्छ मनभित्र
झोंकमा फनक्क मुन्टो मोडी आएछु

प्रेममा अन्धो हुंदा केही  देखेनथ्यौं
रोइ सम्झें उनिसंगै नासो गोडी आएछु

निथ्रुक्क भिजिसकें पानी र आंशुले
उनैको कुसुमे रुमाल पो ओडी आएछु

उन्ले त अब खै के माफ गर्लिन र
एक्लो यो मन्मा उन्कै याद जोडी आएछु

राकेश कार्की
क्यानाडा